गढीमाई नगरपालिका, समनपुरको १३ औं नगर सभामा

२०८३ साल आषाढ ०८ गते, सोमवार

नगर प्रमुख श्री श्याम प्रसाद यादवज्यूबाट पेश भएको

आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेटको

संक्षिप्त विवरण

गढीमाई नगरपालिका, समनपुर, रौतहट

आदरणीय यस १३ औं नगर सभाका प्रमुख अतिथि मधेश प्रदेशका माननिय मुख्यमन्त्री श्री कृष्ण प्रसाद यादवज्यू, नगरसभाका सदस्यज्यूहरु, यस नगरपालिकाका कर्मचारी वर्ग तथा उपस्थित सम्पूर्ण महानुभावहरु !

गढीमाई मन्दिर र राजदेवी मन्दिर भएको धार्मिक, सांस्कृतिक र प्राकृतिक मनोरमताले सुसज्जित रौतहट जिल्लाको पूर्वी मध्य द्वारका रुपमा रहेको गढीमाई नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट यस ऐतिहासिक गरिमामय १३ औं नगर सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभुति गरेको छु ।

यस नगरपालिकाको गरीमामय १३ औं नगर सभामा उपस्थित नगर सभा सदस्यज्यू, नगरपालिका कर्मचारी वर्ग तथा अन्य उपस्थित महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु ।

यस गढीमाई नगरपालिकाको आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तयार प्रकृयाको हरेक चरणमा सहयोग गर्नुहुने कार्यापालिका सदस्यज्यूहरु, नीति तथा कार्यक्रम छनौट तथा प्राथमिकिकरणमा सहयोग पुऱ्याउने आम नगरवासी तथा नगरपालिका कर्मचारीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मुलुक संघीय शासन प्रणालीमा प्रवेश भएसँगै यस नगरपालिकाको दोश्रो कार्यकालको समापन वर्षमा हामी उभिएका छौ । यस नगरभित्र केहि अनुभव, केहि विकास त केही सामाजिक सुधारका कार्य गर्न सफल भएका छौं । दोश्रो कार्यकाल भएकोले यस अवधिमा स्थानीय तहलाई जनप्रतिनिधिले एउटा दिशा देखाउदै विकास एवम् समृद्धिको बाटोमा लागि पथप्रदर्शक नेतृत्व दिएको कुरा सर्वविदितै छ ।

सम्पूर्ण विकासप्रेमि जनप्रनिधिज्यूहरुको दृढ संकल्प तथा यस नगरको बृहत्तर विकासको खाका निर्माणका लागि "गढीमाई नगर समृद्ध शहर" भन्ने सोच तथा "मेरो नगर म बनाउँछु" भन्ने नाराका साथ यस आ.व. को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छु ।

सिमित श्रोत साधनका बावजुद पनि नगरवासीको आकांक्षालाई परिपूर्ति गर्न नगरपालिका भित्र रहेका बिबिध श्रोतको पहिचान गरी अत्याधिक आर्थिक श्रोतको परिचालन हुने गरी यो नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरीएको छ । आम नगरबासी, उद्योगी, व्यवसायी लगायतको सहयोगबाट मात्र आशातित रुपमा बजेट कार्यान्वयन हुने भएको हुँदा सवैबाट सहयोगको अपेक्षा गर्दछु ।

सदस्यज्यूहरु,

"गढीमाई नगर समृद्ध शहर" भन्ने दिर्घकालीन सोच सहितको अर्थपूर्ण नाराले समग्र नगरको विकासका लागि बार्षिक योजनालाई निर्देशित गरेको छ । "समग्र भौतिक पूर्वाधार युक्त शिक्षित सांस्कृतिक नगर" को रुपमा स्थापित गर्ने लक्ष्य अनुरुप आ.व. २०८३/०८४ को निम्ति तर्जुमा गरिएको नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकता क्षेत्रहरु देहाय बमोजिम रहेका छन् ।

प्राथमिकताका क्षेत्रहरु

- नगरका गौरव र महत्वका रुपमा रहेका विभिन्न योजनाहरुको साथै अधुरा योजनाहरुलाई निरन्तरता दिने नीति लिएको छ ।
- गत आ.व.हरुमा सिमित श्रोतका कारण विभिन्न योजनाहरुको भूक्तानी हुन बाँकी रहेका योजनाहरु प्राथमिकता अनुसार भूक्तानी गरिनेछ ।
- नगरका गौरवका योजना साथै अन्य ठूला योजनाहरु संघ, प्रदेश र विभिन्न विकास साझेदारहरुको लगानी तथा सहयोगमा सम्पन्न गर्ने नीतिं लिएको छ ।
- **"मेरो नगर म बनाउँछु"** भन्ने नाराका साथ विद्यार्थी, युवा, नगरमा रहेका सम्पूर्ण सामाजिक संरचना, नागरिक समाज संस्था लगायतका आम नगरबाशी तथा सरोकारवाला निकायलाई परिचालन गरि स्वच्छ, सफा र हरियाली शहर निर्माणमा जोड दिने नीति लिएको छ ।
- दलित, भूमिहिन, अव्यवस्थित तथा सुकुमबासीहरुको समस्या समाधानका लागि उच्च प्राथमिकताका साथ कार्य गर्न अगाडी बढाइनेछ ।
- नगरबाट प्रवाह गरिने सेवामा डिजिटल प्रविधि, विधुतिय माध्यम लगायतका नविनतम प्रविधिको थप उपयोग गरिने नीति अवलम्बन गरेको छ ।
- यस नगरका सम्पूर्ण सडकलाई पूर्णरुपमा ढलान तथा कालोपत्रे सडक पूर्वाधार विकास गर्ने नीति लिएको छु ।
- शहरी आवास तथा भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ ।
- खानेपानी, सरसफाई, नदी नियन्त्रण, वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ ।
- शिक्षा, स्वास्थ्य, सिचाई, युवा तथा खेलकुदलाई प्राथमिकतामा राखेको छ ।
- सामाजिक सुरक्षा तथा सामाजिक विकासलाई समावेशी एवं दिगो बनाउने नीति लिएको छ ।
- पर्यटकिय पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ ।
- कृषि उत्पादनलाई व्यावसायिकता, आधुनिकीकरण र औद्योगीकरणमा जोड दिने नीति लिएको छ
- पशु तथा वन क्षेत्रको वृहत्तर विकासलाई प्राथमिकतामा राखेको छ ।
- यस नगरको संस्थागत सुशासन तथा मुस्कान सहितको सेवा प्रवाहलाई प्राथमिकतामा राखेको छ
- यातायात तथा संचार क्षेत्रको वृहत्तर विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- आन्तरिक आय र राजश्वको वृद्धि, प्रवर्द्धन तथा उचत्तम परिचालन गरी राजश्व प्रशासनलाई चुस्तदुरुस्त बनाईने नीति लिएको छ ।
- नगरभित्रका सम्पदा तथा संस्कृति संरक्षण तथा प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ ।

- सिपमूलक तालिम तथा व्यक्तित्व विकासको माध्यमबाट नगरभित्र रोजगारी प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिने छ ।
- यस नगरलाई धुँवाधुलोमुक्त नगर बनाउने नीति लिएको छ ।
- नगर क्षेत्रमा शान्ति सुव्यवस्था तथा विकासमा जनसहभागितामूलक समावेशी विकास एवं समृद्धि कायम गर्ने नीति लिएको छ ।

सदस्यज्यूहरु,

उल्लेखित प्राथमिकताका आधारहरु हासिल गर्नको लागि निम्न लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तावना गरेको छु ।

१. खानेपानी सरसफाई, वातावरण तथा विपद व्यवस्थापन

- स्वच्छ खानेपानी यस नगरपालिकाको प्रमुख चुनौती भएको कारण न.पा. भित्र खानेपानी व्यवस्थापनलाई विशेष प्राथमिकता दिईने छ ।
- सडक सौर्य बति अभियानलाई निरन्तरता दिई नगरका सबै वडामा सौर्यबति व्यवस्था गरी वडा कार्यालय र नगरपालिका कार्यालयमा सोलार बत्ति जडान गरिनेछ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारूप गर्न यस नगरपालिका भित्र वातावरणमैत्री नगर निर्माणका लागि नीति/नियम बमोजिमको कार्यलाई तिव्रताका साथ अगाडी बढाईनेछ ।
- सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- यस गढीमाई न.पा. दैविक प्रकोप उद्धार कार्यको लागि लाइफ ज्याकेट लगायत दैविक प्रकोप उद्धार सामग्री खरिदका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- प्लाष्टिक तथा रवर जन्य पदार्थ जथाभावी जलाउने वा फयाक्ने कार्यलाई नियन्त्रण गरीने छ ।
- विपतको पूर्वतयारी योजना तर्जुमा गरी गठन भएका स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाइनेछ ।
- विपद् व्यवस्थापनमा सहयोग तथा राहत वितरणको लागि व्यवस्थापन कोष खडा गरिनेछ ।
- सबै वडाहरूमा विपद् व्यवस्थापन विषयमा सचेतना अभियान तालिमको व्यवस्थापन गरिने छ ।
- बृक्षारोपण कार्य लाई निरन्तरता दिईने छ ।
- हरियो बन हामी सबैको धन भन्ने ध्ययेका साथ नगरस्तरीय बन तथा नर्सरी खोली बिरुवा रोप्नु पर्ने परीपाटीलाई प्राथमिकता दिइनेछ ।

३४।

- नगरभित्रका ठूला बास्तिहरुमा नगरपालिका-नीजि क्षेत्रको सहकार्यका माध्यमबाट फोहोर संकलन तथा व्यवस्थापन कार्यलाई अघि बढाइने छ । सोका लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

२. शहरी, आवास तथा भौतिक पूर्वाधार विकास तर्फ

- तिव्र शहरीकरणलाई व्यवस्थित तथा निर्माण हुने संरचनाहरू मापदण्ड बमोजिम हुने कानुनी व्यवस्थालाई अनिवार्य गरिने छ ।
- नगरपालिकाले मापदण्ड अनुसार नयां ट्रयाक खोल्ने तथा भएका सडकहरूलाई मापदण्ड अनुसार कायम गर्ने र स्तरोन्नती गर्ने कार्यमा विशेष प्राथमिकता दिइनेछ ।
- योजना संचालन पूर्व उपभोक्ता समितिहरूलाई योजना संचालन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- नगरको गौरवको आयोजनाका रुपमा नगरक्षेत्र समेटिने गरी एउटा चक्रपथ निर्माण कार्यका लागि आवश्यक अध्ययन तथा निर्माण कार्य अगाडी बढाइनेछ ।
- शहरीकरणको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरूको निर्माण कार्यको व्यवस्थिकरण गरि सो का लागि आवश्यक योजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- सार्वजनिक निजी साझेदारीका आधारमा संचालन गर्न सकिने आयोजनाहरूको पहिचान तथा मागको आधारमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- नगरवासीको आवश्यकता र चाहनालाई केन्द्र बिन्दुमा राख्दै उपभोक्ताको अत्याधिक श्रमदान/योगदान हुन सक्ने योजना कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- नगरपालिका क्षेत्रमा रहेको सडकहरुको वर्गीकरण गरी यात्रु प्रतिक्षालय सहितको सडक विस्तारमा जोड दिइनेछ ।
- यस नगरपालिकामा सुविधा सम्पन्न अस्पताल तथा प्राविधिक शिक्षालय निर्माणमा पहल गरिने ।
- नगरभित्रका बजारहरुलाई व्यवस्थित गर्न नगर विकास कोषको सहयोग तथा समन्वयमा उत्कृष्ट तथा व्यवस्थित बजार बनाइनेछ ।
- आँखा र कानको उपचारका लागि सम्बन्धित निकाय तथा संघ संस्थासंगको सहयोग तथा समन्वयमा एउटा आँखा तथा कान उपचार केन्द्रको स्थापना गरिनेछ ।
- निर्माणधिन कृषि, खाद्यान्न गोदामलाई यस वर्ष सम्पन्न गरी संचालनमा ल्याइनेछ ।
- इलाका प्रहरी कार्यालय समनपुरको निर्माणाधिन भवनको निर्माण कार्य सम्पन्न गरिनेछ ।
- यस नगरपालिकाको वडा नं.२ को निर्माणाधिन वडा कार्यालय आ.व.२०८३।०८४ मा सम्पन्न गरी सोही भवनबाट वडाको कार्य संचालन गरिनेछ ।

३. शिक्षा, स्वास्थ्य तथा युवा खेलकुद

- नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय, मदर्सा र क्याम्पसको गुणस्तरिय शैक्षिक स्तरमा एकरूपता कायम गर्न सहकार्य गरिनेछ ।
- सामुदायिक विद्यालयहरूलाई शैक्षिक गुणस्तरमा सुधार गर्ने तथा पुर्वाधार विकासमा सहयोग गर्ने नितिलाई निरन्तरता दिईने छ ।
- यस नगरभित्रका सम्पूर्ण विद्यालयहरुको भौतिक संरचनाको आवश्यकता अनुसार स्तरोन्नती गरिनेछ ।
- निरक्षरता उन्मूलन राष्ट्रिय नीतिको पूर्णताका लागि यस नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्न आवश्यक क्रियाकलाप संचालन गरिने छ ।
- सरकारी तथा सामुदायिक विद्यालय तथा कलेज प्रति आकर्षण बढाउन नगरपालिका तर्फबाट गरिनुपर्ने कार्यका बारेमा सम्वन्धित पक्षसंग सहकार्य तथा सहयोग गरिने छ ।
- निजामती एवं अन्य सरकारी निकायको सेवा प्रवेशकालागि लोक सेवा तयारी कक्षा संचालन गरिने छ ।
- बाज्जिका भाषामा अध्ययन अध्यापन गराउन कक्षा १ देखि ५ सम्मको विद्यालय संचालन गर्न आवश्यक पहल गरिनेछ ।
- बेरोजगारीलाई ध्यान दिदै युवा युवतीहरूको आर्थिक शिप विकास हुने स्वरोजगारी मूलक तालिम संचालनमा प्राथमिकता दिईनेछ ।
- संस्थाहरूको स्तरोन्नती एवं स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय वनाउन आवश्यक समन्वय, सहकार्य र प्रभावकारी अनुगमनको व्यवस्था गरिने छ ।
- नगर क्षेत्रमा रहेको स्वास्थ्य संस्थाहरूको लगत संकलन गरि सेवा सुविधामा एक रूपता ल्याउन पहल गरिनेछ ।
- नगरबासीलाई स्वास्थ्य उपचारमा समान पहुचको अवस्था श्रृजना गर्न पहल गरिनेछ ।
- संचालित विशेषज्ञ/डाक्टरी सेवा लाई निरन्तरता दिदै थप सेवा उपलब्ध गराउनका लागि विशेष आर्थिक प्याकेज सहित स्वास्थ्य चौकीबाट सेवा संचालन हुने व्यवस्था मिलाइनेछ ।
- गढीमाई नगरपालिका भित्र खेलकुद विकासका निम्ती खेलमैदान तथा संरचनाको विकास गरिनेछ
- गढीमाई नगरपालिका भित्रका राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलसंग सम्वन्धित व्यक्तित्वहरूलाई प्रोत्साहन स्वरूप सम्मान लगायतका विशेष कार्यक्रमहरू आयोजना गरिनेछ ।
- लागुपदार्थ दुर्व्यसन विरूद्ध चेतना मूलक कार्यक्रम विद्यालय स्तर देखिनै संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- रोजगारीका लागि विदेशीने प्रवृतिलाई निरूत्साहित गर्न रोजगार मूलक, सिप मूलक तालिम कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

- प्राविधिक शिक्षालय स्थापना तथा पूर्वाधार निर्माणका लागि सम्बन्धीत निकायमा पहल गरिनेछ ।
- यस नगर क्षेत्र भित्र बाल-अस्पताल निर्माण तथा संचालनमा संघ/प्रदेश सरकारसँगको सहकार्यलाई अघि बढाईने छ ।
- यस नगर भित्रको १५ शैयाको नगर अस्पताल यस आ.व.मा सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

४. सामाजिक सुरक्षा तथा सामाजिक विकास

- लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुच एवं शसक्तीकरणमा विशेष जोड दिईने छ ।
- स्थानीय निकाय लैगिक उत्तरदायी तथा समावेशी बजेट तर्जुमा एवं परिक्षण गर्ने कार्यलाई प्रभावकारीरूपमा संचालनमा ल्याईनेछ ।
- हिंसा पिडित र अपाङ्गता भएका बालबालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरू संचालन गरिनेछ ।
- जातिय भेदभाव छुवाछुत लगायत विसंगति, कुरितीलाई निरुत्साहित पार्न प्रभावकारी कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्रका उत्पीडित वर्ग समुदायलाई विकासको मूल धारमा ल्याउन क्षेत्र र वर्गको पहिचान गरि उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।
- नगरपालिकालाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन सम्बन्धी रणनितिक योजना अनुसार अन्य साझेदार संगको समन्वय र सहकार्यमा कार्यक्रम सन्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरूको मनोबल उच्च राख्न जेष्ठ नागरिक सम्मान तथा देव दर्शनको कार्यक्रमलाई प्राथमिकता दिईने छ ।
- वृद्धवृद्धालाई आफ्नो घरमा सुरक्षीत रहने वातावरण तयार पार्न चेतना अभिवृद्धि लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- यस न.पा. भित्रका कुनै पनि नागरिक, उच्च शिक्षा (अप्राविधिक तथा प्राविधिक) अध्ययन गर्ने अति विपन्न गरिव जेहेन्दार विधार्थीको लागि आर्थिक सहयोग गर्ने व्यवस्था मिलाएको छ ।
- न.पा.को वृहत्तर हितका निम्ति सबै राजनीतिक दल, वर्ग समुदायहरूलाई न.पा.को चौतर्फि विकासमा प्रभावकारी भूमिका निर्वाह गराउन विशेष आग्रह तथा पहल गरिनेछ ।
- यस गढीमाई न.पा. वार्ड नं.१ देखि ९ सम्म कृषि सिंचाई कार्यका लागि कृषि पोल, तार जडानको लागि निरन्तरता दिईने छ ।
- महिलाहरूको विकासको निम्ति आवश्यकता अनुसारको वृत्तिविकास, सिपविकास, क्षमता विकास लगायतका क्षेत्रहरूमा यस नपाबाट विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।
- यस न.पा.को प्रत्येक कार्यपद्धतिमा महिलाको हक अधिकारलाई सुनिश्चित गरिनेछ ।

- बेरोजगार युवालाई प्राविधिक सिप सिकाई रोजगारी प्रदान गर्न माग अनुसारको प्राविधिक तालिमको व्यवस्था मिलाइनेछ ।

५ पर्यटकीय पूर्वाधार विकास

- बागमती नदिको नजिकको क्षेत्रमा जल पर्यटनको विकास गरिनेछ ।
- पौराणीक, ऐतिहासीक धरोहरले भरिपूर्ण यस नगरपालिकालाई पर्यटकिय सांस्कृतिक नगरी बनाउन स्पष्ट खाका तयार पारिनेछ ।
- यस न.पा.को नाम गढीमाईको नामले जोडिएको हुँदा गढीमाई मन्दिरलाई व्यवस्थित बनाई प्रसिद्ध धार्मिक स्थलको रुपमा चिनाइने छ ।
- न.पा. क्षेत्र अर्न्तगत पौराणीक तथा ऐतिहासिक चोक, बस्ती तथा अन्य स्थानहरुको पहिचानको निम्ति नाम सहितको लोकेसन म्याप र सडक साइनबोर्ड राख्ने कार्यको थालनी गरिनेछ ।
- गढीमाई पार्कको २ वर्ष भित्र निर्माण, संचालन तथा संरक्षण प्रबन्ध सम्पन्न गरिनेछ ।

६ कृषि पशु तथा वन

- कृषिमा आधारित यस नगरका कृषकहरुलाई आवश्यकता अनुसार विभिन्न कृषि-प्रविधि तथा विधिको अध्ययन अवलोकन गराई कृषि क्षेत्रको स्तरोन्नति गरिनेछ ।
- जग्गा बाँझो राख्ने प्रवृतिलाई निरूत्साहित गरिनेछ ।
- तरकारी र फलफुल खेतीको विकासका लागि फलफूलका बिरुवा र तरकारी मिनीकिट वितरण गरिनेछ ।
- न.पा.भित्रका पशु व्यवसायको सुचिकृत गरी बिना इजाजत संचालित व्यवसायलाई नियमानुसार इजाजत दिई करको दायरामा ल्याइनेछ ।
- मत्स्यपालन व्यवस्थालाई सूचीकृत गरी नियमानुसार करको दायरामा ल्याइनेछ ।
- नगरपालिका क्षेत्रभित्र उपयुक्त क्षेत्र पहिचान गरि वृक्षारोपणको कार्य गरिनेछ ।
- नगरपालिका क्षेत्रका सम्पूर्ण सडक पेटीमा आ.व. २०८३/०८४ भित्र विरूवा रोप्ने कार्य अगाडि बढाइनेछ ।
- एक घर दुई बिरूवाको नीति कडाइका साथ लागु गरिनेछ ।
- सार्वजनिक जग्गाको लगत खडा गरि सो जग्गा अतिक्रमण हुन नदिन सार्वजनिक, सरकारीस्थल जग्गामा ट्याग सहितको संकेत राख्ने कार्यको थालनी गरिनेछ ।
- गढीमाई न.पा.को सबै वडाहरुमा कृषि पशु कार्यक्रम किसानहरुलाई आत्म निर्भर बनाउन कृषि खेति, पशु पालन कार्यको लागि बिभिन्न संघ संस्था तथा न.पा.को आर्थिक सहयोगमा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ ।

- यस न.पा. अन्तर्गत वाडं न १ देखि ९ सम्मका मुख्य सडकमा निजी बन वृक्षारोपण, निजी बन कृषि कार्यक्रम, ऐलानी पर्ति जग्गामा वृक्षारोपण, नहर साइडमा वृक्षारोपण, नर्सरी स्थापना लगायत कार्यका लागि व्यवस्था मिलाएको छ।
- बागमती नदी किनारमा रहेको बाँझो जग्गामा बगर खेती कार्यक्रम संचालनमा ल्याईने छ।

७. यातायात तथा संचार तर्फ

- नगरपालिकाका प्रमुख तथा सहायक मार्गलाई क्रमश स्तरउन्नती गरिदै लगिनेछ।
- मुख्य बाटोहरुमा सडक सौर्य वत्तीहरुको व्यवस्थाका लागि पहल गरिनेछ।
- यस नगरभित्रबाट देशका मुख्य शहरहरु सम्म लामो तथा छोटो दुरीका यातायात सेवा सञ्चालन गर्न सम्वन्धित निकायसंग पहल गरिनेछ।
- सडक पानी निकास सहितको बाटो स्तर उन्नती गरिने कार्यलाई प्राथमिकता दिइनेछ।
- अति व्यस्त सडक खण्ड चोकमा सि.सि. टिभि क्यामरा जडान गर्ने कार्यमा पहल गरिनेछ।
- न.पा.का प्रमुख बजार क्षेत्रमा निःशुल्क वा सःशुल्क रूपमा व्यवस्थित पार्किङ तथा सार्वजनिक शौचालय निर्माणमा पहल गरिनेछ।
- बाटो सडकमा व्यक्तिगत घरको निकासा खुल्ला रुपमा राख्ने प्रवृतिलाई दण्ड सहित निषेध गरिनेछ।

८. कार्यालय सञ्चालन तथा सेवा प्रवाह

- सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी र विश्वसनीय बनाउदै शुसासन कायम राख्न नागरिक वडा पत्र,सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण,गुनासो सुन्ने र सुचना प्रवाहीकरणलाई थप प्रभावकारी बनाईने छ।
- नगरपालिकाको खर्चमा मितव्ययिता तथा पारदर्शिता कायम गर्न इन्धन ई-कुपनको व्यवस्था गरिने छ।
- योजना अनुगमन तथा सुपरिवेक्षण कार्यलाइ सकृय तथा थप विश्वासिलो बनाईने छ।
- सवारी साधनको लगवुक र मर्मत/सम्भार पुस्तिका अनिवार्य राख्नु पर्ने व्यवस्था गरिने छ।
- नगर सूचना केन्द्रलाई व्यवस्थीत गरिने छ।
- सबै प्रकारका सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतिय शासन प्रणालि अवलम्वन गरिने छ।
- कर्मचारिहरुको क्षमता अभिबृद्धि गरि सेवा प्रवाह चुस्त राख्न आवश्यकता बमोजिमका तालिम र कार्यक्रम सञ्चालन गरिने छ।
- CCTV जडान, IT मैत्री कार्य प्रणाली, वडा तथा न. पा. कार्यालयमा नेटवर्किङ्ग, मोवाइल एप्स, इ.वि.पी.सिष्टम र Online Service मा जोड दिइनेछ।
- आ.व.२०८३।०८४ मा यस नगरका सबै वडा कार्यालयहरुबाट भू-सेवा संचालनमा ल्याइनेछ।

- नेपाल सरकारको १०० बुँदे कार्यतालिको, मधेश प्रदेश सरकारको आ.व.२०८३।०८४ को नीति, कार्यक्रम तथा बजेट, भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको निर्देशन, आवधिक योजनाको मार्ग-निर्देशन समेतको आधारमा नगरपालिकाको विद्यमान जनशक्ति (दरवन्दी) लाई O&M स्वीकृत गरी कर्मचारीको संख्या घटाइने छ।

९. आन्तरिक आय र राजश्व प्रवर्द्धन तथा परिचालन तर्फ

- दिगो र भरपर्दो आयका श्रोतहरुबाट राजश्व संकलन तथा समुचित परिचालनबाट मात्र समृद्ध नगरपालिका निर्माणमा टेवा पुग्ने भएकोले नगरपालिका क्षेत्रका करका दायरामा नपरेका व्यक्ति, संघ, संस्था, व्यवसायलाई करको दायरामा ल्याईने छ।
- नगरपालिकाको आन्तरिक आयको आधारमा बलियो बनाउन कर तथा गैर-कर राजश्वलाई समेटने गरी **एकिकृत राजश्व ऐन** तर्जुमा गरी कार्यान्वयन गरिने छ।
- राजश्व संकलन, अभिलेखन तथा परिचालन प्रकृयालाई व्यवस्थित, पारदर्शि र जवाफदेही बनाई उल्लेखित ऐन कार्यान्वयन गर्न **राजश्व प्रशासन सम्बन्धी कार्यविधी** निर्माण गरी लागु गरिनेछ।
- समग्र राजश्व प्रशासन चक्र (Revenue Administration Cycle) लाई सुदृढ बनाउन वास्तविक करभार लेखाजोखामा आधारित न्यायोचित, प्रगतिशिल र वैज्ञानिक कर निर्धारण प्रणाली अवलम्बन गरिने छ।
- करको दायरामा परी कर तिर्न अटेर गर्ने लाई दण्ड जरिवाना तथा नियमित कर तिर्नेलाई सम्मान तथा पुरस्कृत हुने व्यवस्था मिलाईने छ।
- कर समयमानै बुझाउन आम नगरवासीमा प्रचार प्रसार तथा कर सम्बन्धी कार्यक्रमको आयोजना गरिने छ।
- हालको कर संकलन प्रणलीलाई सुधार गर्दै कम्प्युटर प्रणालीमा लगिनेछ।

१०. सम्पदा तथा संस्कृति संरक्षण

- आदिवासी जनजातीहरूको परम्परागत शिप तथा पेशालाई आधुनिकिकरण गर्दै नया शिप तथा रोजगारिका निम्ति अभिप्रेरित गरिनेछ।
- नगरपालिका क्षेत्रका बिभिन्न मठ मन्दिरमा नियमित हुने भजन कीर्तन तथा पूजापाठ समारोहलाई थप प्रभावकारी बनाउन पहल गरिनेछ।

सदस्यज्यूहरु,

गढीमाई नगरपालिकालाई व्यवस्थीत, सुन्दर एवं ऐतिहासिक नगरपालिका निर्माण गर्ने प्रमूख उद्धेश्यलाई आत्मसात गर्दै लक्ष्य प्राप्तीका निम्ती सहभागितामुलक योजना तर्जुमा पद्धतिको मुल्य मान्यता अनुरुप राष्ट्रिय योजना आयोगको योजना तथा बजेट तर्जुमा सम्बन्धि मार्ग दर्शन, संघीय मामिला तथा सामान्य शासन मन्त्रालयबाट प्राप्त दिग्दर्शन लगायतका आधारमा आगामी आ.व. २०८२/०८३ को लागि यस गरिमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

नगरसभा सदस्यज्यूहरु,

अब म यस नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट बिनियोजनको संक्षिप्त व्यहोरा प्रस्तुत गर्दछु ।

यस नगरपालिकाको आर्थिक वर्ष २०८३ ०८४ को लागि चालु तर्फ रु ४०,९०,४७,०००।- (अक्षरेपी रु चालिस करोड नब्बे लाख सतचालिस हजार मात्र) र पुंजीगत तर्फ रु. १८,३२,०८,०००।- (अक्षरेपी रु अठार करोड बतिस लाख आठ हजार मात्र) गरी जम्मा रु. ५९,२२,५५,००० ।- (अक्षेरेपी रु उन्नासाठी करोड बाईस लाख पचपन्न हजार मात्र) बजेट बिनियोजन गरेको छु । जस मध्ये आ.व. २०८३ ०८४ का लागि खर्च व्यहोर्ने श्रोत तर्फ आन्तरिक आय रु. २,८०,००,०००।- (अक्षरेपी रु दुई करोड असी लाख मात्र), संघीय सरकारको समानिकरण अनुदान तर्फ रु ११,३७,००,००० ।- (अक्षरेपी रु एघार करोड सैतिस लाख मात्र), संघीय सरकारको सशर्त अनुदान तर्फ रु २८,१८,००,०००।- (अक्षरेपी रु अठाइस करोड अठार लाख मात्र), संघीय सरकारको राजस्व बाँडफाँड तर्फ रु ११,१८,००,०००।- (अक्षरेपी रु एघार करोड अठार लाख मात्र), त्यसैगरी मधेश प्रदेश सरकारको समानिकरण अनुदान तर्फ रु ७८,०८,०००।-(अक्षरेपी रु अठहत्तर लाख आठ हजार मात्र), मधेश प्रदेश सरकारको विशेष अनुदान तर्फ रु ३०,००,०००।- (अक्षरेपी रु तीस लाख मात्र), मधेश प्रदेश सरकारको समपुरक अनुदान तर्फ रु ३०,००,०००।- (अक्षरेपी रु तीस लाख मात्र), मधेश प्रदेश सरकारको राजस्व बाँडफाँड तर्फ रु ५६,४७,०००।- (अक्षरेपी रु छपन्न लाख सतचालिस हजार मात्र), मधेश प्रदेश सरकारको सशर्त अनुदान तर्फ रु ९५,००,०००।- (अक्षरेपी रु पन्चानब्बे लाख मात्र) र सडक बोर्ड नेपालको रु. ४०,००,०००।- (अक्षरेपी चालिस लाख मात्र) रहेको छ ।

आदरणीय सदस्यज्यूहरु,

अन्त्यमा म यस नगरको १३ औं नगर सभालाई सफल पार्न आ-आफ्नो तर्फबाट सहयोग गर्ने सबै जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, नागरिक समाज, संचार क्षेत्र, तथा सम्पूर्ण गढीमाई नगरवासीमा हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

धन्यबाद ।

मिति : २०८४।०३।०८गते सोमवार